# पशुपन्छी मोडेल फार्म स्थापना तथा सञ्चालन कार्यविधि, २०७६

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय धनगढी, कैलाली

**प्रस्तावना:** भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतका पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी विभिन्न निकायबाट अनुदानमा सञ्चालन हुने पशुपन्छी मोडेल फार्म स्थापना कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र पद्धतिमूलक रुपले सञ्चालन गरी व्यवसायिक पशुपन्छी पालनमा वृद्धि र गुणस्तरमा अभिवृद्धि गरी मोडल फार्म सम्बन्धी उपलव्ध ज्ञान, सीप र प्रविधिको प्रयोगद्वारा पशुपन्छी पालनमा संलग्न कृषकहरुको क्षमता अभिवृद्धि गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ को अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यो कार्यविधीको नाम "पशुपन्छी मोडेल फार्म स्थापना तथा सञ्चालन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत मितिदेखि सुदूरपश्चिम प्रदेश भर लागू हुनेछ ।

२. **परिभाषा:** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आवेदक" भन्नाले मोडल फार्म स्थापना र सञ्चालन गर्ने प्रयोजनका लागि निर्देशनालय वा विज्ञ केन्द्र समक्ष आवेदन दिएका कानून बमोजिम दर्तावाल कृषि साझेदारी फर्म, कृषक समूह र कृषि सहकारी संस्था सम्झनु पर्छ ।

(ख) "अनुदानग्राही" भन्नाले प्रचलित कानूनको अधिनमा रही यस कार्यविधी बमोजिम आवेदन दिई अनुदान पाउन योग्य भई छनौट भएका कानून बमोजिम दर्तावाल कृषि साझेदारी फर्म, कृषक समूह र कृषि सहकारी संस्था सम्झनु पर्छ।

(ग) "उन्नत प्रविधि" भन्नाले अत्याधुनिक साधन, श्रोत र प्रविधिको व्यवस्थित रुपमा प्रयोग भएको पशुपन्छी फार्म सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले सुदूरपश्चिम प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

मा. प्रकाश ब. शाह मन्त्री

निमित्त

(ङ) "मोडेल फार्म" भन्नाले कम्तीमा ... जमिनको सदुपयोग भई उन्नत प्रविधियुक्त तरिकाले गाई वा भैंसी वा बाख्रा वा भेडा वा बंगुर वा कुखुरा पालन गरी ज्ञान, सीप र प्रविधिको प्रदर्शनी हुने र सोको आम्दानीले कम्तीमा २ जनालाई रोजगारी दिने गरी व्यवसायिक रुपमा स्थापना गरी सञ्चालन गरिएको फार्म सम्झनु पर्छ।

(च) "पशुपन्छी" भन्नाले यस कार्यविधिको कार्यान्वयनको प्रयोजनका लागि गाई, भैसी, बाख्रा, भेडा, बंगुर, कुखुरा आदि सम्झनु पर्छ।

(छ) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ।

(ज) "विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले यस प्रदेशका गाउँपालिका, नगरपालिका र उप-महानगरपालिका सम्झनु पर्छ।

(ञ) "समिति" भन्नाले दफा ४ को उपदफा (१) र (२) बमोजिम गठित प्राविधिक तथा मूल्याङ्कन समिति सम्झनु पर्छ ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

३. कार्यक्रम सञ्चालनः यो कार्यक्रम निर्देशनालय वा विज्ञ केन्द्रमार्फत सञ्चालन हुनेछ ।

४. अनुदान व्यवस्थापन तथा प्राविधिक समितिः (१) पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा देहाय अनुसारको अनुदान व्यवस्थापन तथा प्राविधिक समिति रहनेछः-

(क) वरिष्ठ पशु विकास अधिकृत वा वरिष्ठ पशु चिकित्सक वा वरिष्ठ मत्स्य विकास अधिकृत, निर्देशनालय -संयोजक

(ख) अधिकृत प्रतिनिधी, सम्बन्धित महाशाखा, मन्त्रालय -सदस्य

(ग) अधिकृत प्रतिनिधी, कृषि विकास निर्देशनालय -सदस्य

(घ) अधिकृत प्रतिनिधी, प्रदेश लेखा इकाई कार्यालय वा कोष तथा लेखा नियन्त्रकको कार्यालय -सदस्य

(ङ) कार्यक्रम सञ्चालनका लागि जिम्मेवारी तोकिएको अधिकृत -सदस्य-सचिव

प्रकाश ब. शाह
मन्त्री
... सामाजिक तथा कानून मन्त्रालय
... धनगढी, कैलाली

(२) भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा देहाय अनुसारको अनुदान व्यवस्थापन तथा प्राविधिक समिति रहनेछः-

(क) प्रमुख, विज्ञ केन्द्र -संयोजक

(ख)अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको कार्यालय -सदस्य

(ग) अधिकृत प्रतिनिधी, कृषि ज्ञान केन्द्र -सदस्य

(घ) अधिकृत प्रतिनिधी, प्रदेश लेखा इकाई कार्यालय वा कोष तथा लेखा नियन्त्रकको कार्यालय -सदस्य

(ङ) कार्यक्रम सञ्चालनका लागि जिम्मेवारी तोकिएको अधिकृत -सदस्य-सचिव

५. <u>बैठक सम्बन्धी कार्यविधिः</u> (१) दफा ४ को उपदफा (१) र (२) बमोजिम गठित समितिको बैठक संयोजकको निर्देशनमा सदस्य-सचिवले मिति, समय र स्थान तोकी बोलाउनु पर्नेछ ।

(२) बहुमत सदस्यहरुको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ ।

(३) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ तथा सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६. <u>समितिको काम कर्तव्य र अधिकार</u> : (१) दफा ४ उपदफा (१) बमोजिम गठित समितिलाई प्रचलित कानून प्रतिकूल नहुने गरी कार्य सम्पादन गर्ने सन्दर्भमा देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः-

(क) निर्देशनालयले गर्ने भनी तोकिएका स्वीकृत कार्यक्रमहरु प्रचलित कानून बमोजिम सञ्चालनका लागि मार्गदर्शन गर्न,

(ख) प्रचलित कानूनं बमोजिम प्रस्ताव साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु निर्धारण गर्ने,

(ग) प्रचलित कानून समेतको अधिनमा रही अनुसुची-६ बमोजिम तोकिएका मूल्याङ्कनका आधारहरुको परिधि भित्र रही प्राप्त प्रस्तावको मूल्याङ्कन गर्ने,

(घ) मूल्याङ्कन गर्नु पूर्व समितिले आवेदकले प्रस्ताव गरेको परियोजना स्थलको स्थलगत अनुगमन गर्ने,

(ङ) लागत इष्टिमेट र ड्रईङ्ग डिजाइन तयार गर्न लगाउने,

(च) अनुदानमा निर्माणाधिन परियोजनाको नियमित अनुगमन गर्ने र आवश्यक निर्देशन दिने,

(छ) मूल्याङ्कन गरी अधिकतम अंक हासिल गरेका प्रस्तावहरुलाई छनौटको लागि निर्देशनालय वा विज्ञ केन्द्र प्रमुख समक्ष सिफारिस गर्ने,

(ज) यस कार्यविधि बमोजिम उपलव्ध गराइएको अनुदान रकम दुरुपयोग वा हिनामिना हुन नदिने,

(झ) विज्ञ केन्द्र अन्तर्गत सञ्चालित अनुदान कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समन्वय,निरीक्षण तथा अनुगमन गर्ने ,

(ञ) लागत इस्टिमेट र स्वीकृत ड्रईङ्ग डिजाइन अनुसार संरचनाको गुणस्तर कायम गराउने,

(ट) निर्देशनालय तथा सो मातहत सञ्चालित कार्यक्रमको चौमासिक रुपमा समिक्षा गरी प्रतिवेदन मन्त्रालयमा पेश गर्ने, र

(ठ) अनुदानमा सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशन दिने ।

(२) दफा ४ उपदफा (२) बमोजिम गठित समितिलाई प्रचलित कानून प्रतिकूल नहुने गरी कार्य सम्पादन गर्ने सन्दर्भमा देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः

(क) अनुसुची-६ बमोजिम तोकिएका मूल्याङ्कनका आधारहरुको परिधि भित्र रही प्राप्त प्रस्तावको मूल्याङ्कन गर्ने,

(ख) मूल्याङ्कन गर्नु पूर्व समितिका सदस्यले आवेदकले प्रस्ताव गरेको परियोजना स्थलको स्थलगत अनुगमन गर्ने,

(ग) मूल्याङ्कन गरी अधिकतम अंक हासिल गरेका प्रस्तावहरुलाई स्वीकृतीका लागि कार्यालय प्रमुख समक्ष सिफारिस गर्ने,

(घ) लागत इष्टिमेट र ड्रईङ्ग डिजाइन तयार गर्न लगाउने,

(ङ) अनुदानमा निर्माणाधिन परियोजनाको नियमित अनुगमन गर्ने र आवश्यक निर्देशन दिने,

(च) लागत इस्टिमेट र स्वीकृत ड्रईङ्ग डिजाइन अनुसार संरचनाको गुणस्तर कायम गराउने,

(छ) यस कार्यविधि बमोजिम उपलव्ध गराइएको अनुदान रकम दुरुपयोग वा हिनामिना हुन नदिने,

प्रकाश ब. शाह
मन्त्री
... तथा कानून मन्त्रालय
..., कैलाली

... सचिव

(ज) विज्ञ केन्द्र अन्तर्गत सञ्चालित कार्यक्रमको चौमासिक रुपमा समिक्षा गरी प्रतिवेदन मन्त्रालयमा पेश गर्ने, र

(झ) अनुदानमा सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशन दिने ।

## परिच्छेद-३

## कार्यक्रम सञ्चालन तथा कार्यान्वयन प्रक्रिया

७. कार्यक्रम प्रस्ताव छनौट तथा कार्यान्वयन प्रक्रिया : (१) प्रचलित कानूनको सर्वमान्यतामा प्रतिकूल नहुने गरी ३० दिनको अवधि दिई निर्देशनालय वा विज्ञ केन्द्रले स्वीकृत कार्यक्रमको परिधि भित्र रही अनुसूची -१ बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनाको आधारमा अनुसुची-२ बमोजिमको ढाँचामा आवेदन र अनुसुची-३ बमोजिमको ढाँचामा प्रस्ताव तयार गरी तोकिएका निर्देशनालय वा विज्ञ केन्द्रमा दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको प्रस्तावहरुको दफा ४ बमोजिमको समितिले प्रचलित कानूनको सर्वमान्यतामा प्रतिकूल नहुने गरी अनुसुची-४ र अनुसुची-५ बमोजिमका न्यूनतम मापदण्डका आधारमा अनुसुची-६ बमोजिम मूल्याङ्कन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम गरिएको मूल्याङ्कनका आधारमा अनुदानग्राही छनौट गरी अनुदान रकम समेत स्वीकृतिको लागि निर्देशनालय वा विज्ञ केन्द्र प्रमुख समक्ष सिफारिस गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम छनौट भई सिफारिस भएका अनुदानग्राहीहरुको विवरण एकीन गरी अनुदान रकम समेत निर्देशनालय वा विज्ञ केन्द्र प्रमुखले प्रचलित कानूनको अधिनमा रही स्वीकृत गर्नु पर्नेछ ।

(६) रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू उपर कुनै कारवाही गरिने छैन ।

(७) यस कार्यविधिको अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुसुची-५ बमोजिम न्यूनतम मापदण्ड नपुगेका र सोही प्रकृतिको अनुदान अन्य कुनै निकाय वा संघ संस्थाबाट पाईसकेका आवेदकहरुलाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।

८. लागत इष्टिमेट र सम्झौता : (१) दफा ७ को उपदफा (५) बमोजिम स्वीकृत भएका अनुदानग्राहीलाई आवश्यक कागजातहरुसहित सम्झौता गर्न निर्देशनालय वा केन्द्रले १५ दिनको अवधि तोकी सूचना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र आएका अनुदानग्राहीसँग अनुसुची-७ बमोजिमको ढाँचामा प्रचलित कानून अनुसार सम्झौता गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सम्झौता गर्दा अनुदानग्राहीले गर्ने लागत साझेदारी र अनुदानको अंश वा रकम समेतको व्यहोरा सम्झौतामा उल्लेख गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम सम्झौता गर्दा मोडेल फर्मको संरचना निर्माण सम्पन्न भएको मितिले कम्तीमा १० वर्ष सञ्चालन र व्यवस्थापन गर्ने गरी अनुदानग्राहीसँग कबुलियतनामा समेत गर्नु पर्नेछ ।

(५) सम्बन्धित विषयको प्राविधिकबाट स्थलगत सर्वेक्षण गरी तयार गरिएको लागत इस्टिमेट र ड्रईङ्ग डिजाइन निर्देशनालय वा केन्द्रको प्रमुखले स्वीकृत गरी अनुदानग्राहीलाई उपलव्ध गराउनु पर्नेछ ।

(६) सम्झौता गर्न आउँदा अनुदानग्राहीले आफुले व्यहोर्नु पर्ने लागतको सुनिश्चतता हुने प्रमाण तथा जम्मा लागत इष्टेमेटको पाँच प्रतिशत रकम निर्देशनालय वा सम्वन्धित केन्द्रको बैंक धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट प्रचलित कानून बमोजिमको अवधिका लागि जारी गरेको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

## परिच्छेद-४

## अनुदान रकमको अंश, अनुदानग्राहीको दायित्व, कार्यक्रमको अनुगमन, मुल्याङ्कन तथा फरफारक

९. अनुदान रकमको अंश र अनुदानग्राहीको दायित्व:(१) मोडल फार्म स्थापना तथा सञ्चालनको लागि अनुसुची-५ मा तोकिएको अनुदानको अंश र सीमाको आधारमा निर्देशनालय वा विज्ञ केन्द्रले गरेको निर्णय बमोजिम अनुदान रकम प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त अनुदान बाहेकको खर्च अनुदानग्राही स्वयम्ले व्यहोर्नु पर्नेछ ।

(३) साझेदारी कार्यक्रम सम्पन्न भई सकेपछि सोको सञ्चालन एवम् व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी सम्वन्धित अनुदानग्राहीको हुनेछ।

(४) अनुदानग्राहीले आफ्नो पशुपन्छीजन्य व्यवसायको अनिवार्य रुपमा मान्यता प्राप्त बीमा कम्पनीबाट पशुपन्छी बीमा गराएको प्रमाण पेश गर्नु पर्नेछ ।

१०. कार्यक्रमको अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदन: (१) सञ्चालित कार्यक्रमको अनुगमन गर्ने मूख्य जिम्मेवारी सम्बन्धित निर्देशनालय वा विज्ञ केन्द्र तथा समितिको हुनेछ ।

(२) विज्ञ केन्द्रले सञ्चालन गरेका कार्यक्रमको मन्त्रालय वा निर्देशनालयले र निर्देशनालयबाट सञ्चालित कार्यक्रमको मन्त्रालयले जुनसुकै बखत अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन विज्ञ केन्द्रले निर्देशनालयमा र निर्देशनालयले मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम मन्त्रालयले गरेको अनुगमन निरीक्षणको प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

(५) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको सम्झौता बमोजिमको लागत इष्टिमेट र ड्रईङ्ग डिजाइन अनुसार गुणस्तरीय काम नभएको वा आर्थिक अपचलन भएको लगायतका विषयमा उजुरी वा गुनासो प्राप्त भएमा मन्त्रालयले सम्बन्धित विषय विज्ञसहितको टोली गठन गरी जाँचबुझ गराउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम गठित टोलीले स्थलगत रुपमा जाँचबुझ गरी पछिसम्म फरक नपर्ने गरी स्थलगत एवम् तथ्यगत आधारमा प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्रतिवेदन प्राप्त भएपछि सम्झौता बमोजिमको लागत इष्टिमेट र ड्रईङ्ग डिजाइन अनुसार गुणस्तरीय काम नभएको देखिएमा सो बमोजिम गर्न वा गराउन सम्बन्धित अनुदानग्राही र निर्देशनालय वा विज्ञ केन्द्रलाई निर्देशन दिनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त निर्देशनलाई निर्देशनालय वा विज्ञ केन्द्र तथा अनुदानग्राहीले प्रभावकारी ढंगले कार्यान्वयन गर्नु वा गराउनु पर्नेछ ।

(९) उपदफा (६) बमोजिम प्राप्त प्रतिवेदनबाट आर्थिक अपचलन भएको देखिएमा मन्त्रालयले आवश्यक अनुसन्धान तथा कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

११. <u>सार्वजनिक परीक्षण</u>: (१)अनुदानग्राहीले सम्झौता बमोजिमको कार्यसम्पन्न गरिसके पश्चात संरचना निर्माण कार्यका सम्बन्धमा देहाय बमोजिमको विधि प्रयोग गरी सार्वजनिक परीक्षण गर्नु पर्नेछः-

(क) सार्वजनिक वा नागरिक सुनुवाई र,

(ख) प्रदेश सरकारबाट उपलब्ध स्रोतको उपयोग र उपलब्धी हासिल भए नभएको निर्देशनालय वा सम्बन्धित केन्द्रको प्राविधिक सर्वेक्षण प्रतिवेदन ।

(२) उपदफा (१) बमोजिम गरेको सार्वजनिक परीक्षणको पुष्टी हुने आवश्यक कागजातहरु अनुदानग्राहीले तयार गरी अभिलेख राख्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अभिलेख अनुदानग्राहीले निर्देशनालय वा सम्बन्धित केन्द्रमा पेश गर्नु पर्नेछ ।

१२. <u>कार्यक्रमको प्राविधिक मूल्याङ्कन, जाँचपास र फरफारक</u>: (१) यस कार्यविधि बमोजिम सम्झौता, लागत इस्टिमेट र ड्रईङ्ग डिजाइन अनुसारको कार्यसम्पन्न भई दफा ११ बमोजिम सार्वजनिक

परीक्षण समेत सम्पन्न भएपछि अनुदानग्राहीले सक्कल बिल, भौचर लगायत आवश्यक विवरण कागजातसहित निर्देशनालय वा सम्वन्धित ज्ञान केन्द्र समक्ष भुक्तानीका लागि निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले सम्बन्धित विषयका प्राविधिकहरुको टोली स्थलगत रुपमा खटाई अनुसुची-७ बमोजिम ढाँचामा सम्झौता, लागत इस्टिमेट र ड्रईङ्ग डिजाइन अनुसार गुणस्तरीय ढंगले कार्य सम्पन्न भए वा नभएको पछिसम्म फरक नपर्ने गरी प्राविधिक प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम खटिएको प्राविधिक टोलीले दफा १० बमोजिम अनुगमन तथा निरीक्षणबाट औल्याएको विषय कार्यान्वयन भए वा नभएको व्यहोरा समेत कार्यसम्पन्न प्रतिवेदनमा खुलाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम खटिएको टोलीले पेश गरेको कार्यसम्पन्न प्रतिवेदन, दफा ११ बमोजिमको सार्वजनिक परीक्षण प्रतिवेदन र आधिकारीक बील भरपाई समेतका कागजातहरु हेरी निर्देशनालय वा सम्बन्धित ज्ञान केन्द्रले अनुदानग्राहीलाई तीन किस्तामा अनुदान उपलब्ध गराउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम अनुदान रकम कार्यालयले पहिलो किस्ता घर टहरा लगायतका भौतिक निर्माण कार्य सम्पन्न गरेपछि, दोश्रो किस्ता मेसिनरी औजार उपकरण कार्यस्थलमा पुगे पछि र तेस्रो किस्ता संरचना निर्माण सम्पन्न भई सञ्चालनमा आएपछि अन्तिम कार्यसम्पन्न प्रतिवेदनको आधारमा प्रचलित कानून बमोजिम अनुदानग्राहीको बैंक खातामार्फत भुक्तानी गरिनेछ ।

(६) उपदफा (५) बमोजिम भुक्तानी गर्दा भूक्तानी हुने रकममध्येबाट प्रचलित कानून बमोजिम कन्टीजेन्सी कट्टी गरी बाँकी रकम भुक्तानी गरिनेछ ।

(७) उपदफा (६) बमोजिम कट्टी गरिएको कन्टीन्जेन्सी वापतको रकम सम्बन्धित संरचना निर्माणको अनुगमन तथा निरीक्षण एवम् प्राविधिक परिचालनमा मात्र खर्च गर्न सकिनेछ ।

## परिच्छेद-५

## विविध

१३. **प्रगति प्रतिवेदन:** (१) यस कार्यविधि बमोजिम भएको काम कारवाहीको विवरण सहितको चौमासिक प्रतिवेदन विज्ञ केन्द्रले निर्देशनालयमार्फत र निर्देशनालयले सोझै मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन मन्त्रालयले मूख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा समेत पठाउनु पर्नेछ ।

(३) मन्त्रालयले आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र यस कार्यविधि बमोजिम सञ्चालन भएको कार्यक्रमको प्रदेशस्तरमा प्रगति समिक्षा गर्नेछ।

१४. <u>असूल उपर गरिने</u>: दफा ८ को उपदफा बमोजिम गरिएको कबुलियतनामाको अवधिभर (४) अनुदानग्राहीले संरचनाको सञ्चालन र व्यवस्थापन नगरेमा निजलेप्राप्त गरेको अनुदान रकम मन्त्रालयले सरकारी बाँकी सरह असूल उपर गर्न आवश्यक कारवाही गर्न सक्नेछ ।

१५. <u>लेखा तथा लेखापरीक्षण</u>: कार्यक्रमको खर्चको लेखा व्यवस्थापन तथा लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

१६. <u>निर्देशन दिन सक्ने</u> :यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको कार्यान्वयनलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले विज्ञ केन्द्रलाई निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशन सम्बन्धित सबैले पालना गर्नु पर्नेछ ।

१७. <u>प्रचलित कानून बमोजिम हुने</u> :अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनसँग नबाझिएको हदसम्म यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१८. <u>बाधा अड्काउ फुकाउने र संशोधन</u>: (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा मन्त्रालयले प्रचलित कानूनको प्रतिकूल नहुने गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यस कार्यविधिमा आवश्यक संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

मा. प्रकाश ब. शाह
मन्त्री
आर्थिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

निमित्त सचिव

अनुसुची-१

(दफा ७ की उपदफा (१) सँग सम्बन्धित)

## पशुपन्छी मोडल फार्म स्थापना कार्यक्रम सञ्चालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, दिपायल

पशुपन्छी मोडेल फार्मको लागि परियोजना प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७ /  /

आ.व...........मा सञ्चालन गरिने पशुपन्छी मोडेल फार्म स्थापना तथा सञ्चालनका लागि परियोजनाको लागतको बढीमा ५० प्रतिशतसम्म अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा देहाय बमोजिमको मोडल फार्मको किसिममा रहेर मोडेल फार्म सञ्चालन गर्न इच्छुक सुदूरपश्चिम प्रदेशका पशुपन्छी सम्बन्धी उद्यमी, कानून बमोजिम दर्तावाल कृषि साझेदारी फार्म, कृषि समूह तथा कृषि सहकारी संस्थाले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्तावसहित देहाय अनुसारको कागजातहरु र आवेदन प्रदेशमा रहेका विज्ञ केन्द्रहरु वा निर्देशनालयमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | मोडेल फार्मको किसिम | पशुपन्छीको न्युनतम संख्या/पूर्वाधार | आवश्यक कागजातहरु | कैफियत |
|---|---|---|---|---|
| १. | मोडेल फार्म भैसी | बयस्क २० वटा | I. कृषि साझेदारी फर्मको हकमा संस्थाको दर्ता प्रमाणपत्र, प्यान/भ्याट दर्ता प्रमाण पत्र र पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु,<br>II. कृषक समूह र कृषि सहकारी संस्थाको हकमा को हकमा दर्ता प्रमाणपत्र, बार्षिक अडिट रिपोर्ट र संस्था सञ्चालक समितिको बैठक निर्णयको प्रतिलिपि, | |
| २. | मोडेल फार्म गाई | बयस्क ४० वटा | | |
| ३. | मोडेल फार्म बाख्रा | बयस्क १०० वा आधुनिक खोर बनेको | | |
| ४. | मोडेल फार्म बंगुर | बयस्क बंगुर ४० वा आधुनिक खोर बनेको | | |

| | | | | |
|---|---|---|---|---|
| ५. | मोडेल फार्म लेयर्स/ ब्रोइलेर | १० हजार | • सम्बन्धित स्थानिय तह वा वडाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त भएको,<br>• विज्ञ केन्द्रको सिफारिस,<br>• अनुसुची-२ बमोजिमको आवेदन र कार्य योजना,<br>• आवेदक वा निजको परिवारको स्वामित्वमा पर्याप्त जग्गा रहेको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा प्रचलित कानून बमोजिम कम्तीमा १० वर्ष लिजमा लिएको खुल्ने सक्कल कागज,<br>• आफ्नो स्वामित्वमा नभएको तर वर्षौदेखि भोगचलन गर्दै आएका आवेदकहरुको हकमा तिरो तिरेको सक्कल रसिद र भोगचलनको सम्वन्धित स्थानीय तहबाट प्रमाणित पत्र, | |

अनुसुची-२

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

मोडल फार्म स्थापनाको लागि आवेदकले पेश गर्ने आवेदन

मिति :

रु १० को टकट

श्रीमान् प्रमुख ज्यू

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, दिपायल।

विषय : मोडल फार्म सञ्चालनका लागि अनुदान सम्बन्धमा ।

प्रस्तुत विषयमा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, दिपायल, सुदूरपश्चिम प्रदेशबाट सूचन भए अनुसार पशुपन्छी मोडल फार्म स्थापना तथा सञ्चालनका लागि यसै साथ संलग्न परियोजन प्रस्तावमा उल्लेख भए अनुसार मोडल फार्म स्थापना तथा सञ्चालनका लागि अनुसुची-३ अनुसारक प्रस्ताव तयार पारी आवेदन पेश गरेको छु/छौ, साथै तपसिल अनुसारका कागजातहरु यसै आवेद साथ पेश गरेको छु ।

संलग्न कागजातहरु

१. दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर तथा लेखापरीक्षण प्रतिवेदन प्रतिलिपि
२. निर्दिष्ट ढाँचा अनुसार परियोजना प्रस्ताव ।
३. संस्था सञ्चालक समितिको बैठकको निर्णयको प्रतिलिपि ।
४. प्रस्तावित परियोजना स्थलको फोटो र प्रस्ताव मूल्याङ्कनलाई सहयोग हुने अन्य कागजातहर भए सो समेत ।
५. सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञको पशुपन्छी संख्या र गोठ खोर दाना घाँस उल्लेख भएको सिफारिस पत्र ।
६. सम्बन्धित स्थानीय तह वा वडाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।

निवेदकको नाम:-

हस्ताक्षर :-

ठेगाना:-

मोवाईल नं.:-

छाप :-

अनुसुची-३

(दफा ७ उपदफा (२) सँग सम्बन्धित)

पशुपन्छी मोडल फार्म स्थापनाको लागि आवेदकले पेश गर्नुपर्ने प्रस्तावको नमूना

पशुपन्छी मोडल फार्म परियोजना प्रस्ताव

१) आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरण:

| | |
|---|---|
| आवेदकको नाम: | |

| | |
|---|---|
| ठेगाना(पत्राचारको लागि): | |
| संस्था दर्ता भएको मितिः | |
| स्थायी लेखा नं.: | |
| संस्थाको मूख्य उद्देश्य : | |
| प्रोप्राइटर वा अध्यक्षको नाम : | |
| मोवाइल नं. : | |
| परियोजना स्थल (कार्य क्षेत्र): | |
| परियोजनाको नामः | |
| प्रस्तावित आयोजनाको कूल खर्च (यसमा अनुदान र अनुदानग्राहीको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने): | |
| माग गरेको कूल अनुदान रकम (ने.रु.) | |
| अन्य स्रोत वा वित्तीय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस् । | |
| प्रस्तावना पेश गर्न कार्यालयको नामः | |

२) प्रस्तावनाको औचित्य तथा महत्वः

हालको व्यवसायको अवस्था

| क्र.सं. | हालको व्यवसाय | व्यवसायको आकार | वार्षिक उत्पादन (अनुमानित) | वार्षिक कूल अनुमानित आम्दानी (रु.) | रोजगारीको सिर्जना |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| जम्मा | | | | | |

३. अपेक्षित उपलव्धीहरु र वार्षिक उत्पादन विवरणः

प्रस्तावित व्यवसायका अपेक्षित उपलव्धीहरु तपसिल बमोजिम हुनेछन् :-

- व्यवसायको आकार
- वार्षिक उत्पादन

- वार्षिक जम्मा आम्दानी
- रोजगारी सिर्जना

४) परियोजनाका मूख्य मूख्य क्रियाकलापहरु:

| क.सं. | क्रियाकलाप विवरण | इकाई | परिमाण | | | सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|---|---|
| | | | हाल | थप गर्ने | जम्मा | |
| | | | | | | |
| | | | | | | |
| आवश्यकता अनुसार महल थप गर्नुहोस् । | | | | | | |

५) फार्मले साझेदारीमा सञ्चालन गर्ने कार्यक्रमको अवधि :-

६) खर्च विवरण:

क. स्थिर खर्चको विवरण

कृषि यन्त्र, उपकरणहरु, गाई गोठ, भवन, तारबार, पानी व्यवस्थापन आदि संरचना निर्माण तथा पशु वस्तु खरिद पूर्व सञ्चालन खर्च आदि)

| क.सं. | क्रियाकलापको विवरण | इकाई | परिमाण | दर | जम्मा खर्च रु. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| आवश्यकतानुसार थप गर्नुहोस् । | | | | | |

ख. चालू खर्चको विवरण (एक वर्षको मात्र)

कामदार, मल, बिउ, दाना, घाँस आदि व्यवस्थापन, रोग कीरा व्यवस्थापन आदि ।

| क.सं. | क्रियाकलापको विवरण | इकाई | परिमाण | दर | जम्मा खर्च रु. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

| क्र.सं. | क्रियाकलापको विवरण | इकाई | परिमाण | दर | जम्मा खर्च रु. |
|---|---|---|---|---|---|
| आवश्यकतानुसार थप गर्नुहोस् । | | | | | |

७. लागत साझेदारी

लागत साझेदारीमा सञ्चालन हुन कार्यक्रमहरु र माग गरिएको अनुदान रकमको विवरण

| क्र.सं. | विवरण | जम्मा खर्च रु. | परियोजनाको पहिलो वर्षको रु. | अनुदान उपलव्ध गराउने संस्थाको रु. | अनुदानग्राहीको लागत रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यकतानुसार थप गर्नुहोस् । | | | | | |

## अनुसुची-४

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

**पशुपन्छी मोडेल फार्म सञ्चालन गर्न सकिने विषयक्षेत्र र न्यूनतम मापदण्ड**

क . दुग्ध उत्पादनः

कम्तीमा १.५ हेक्टर जमिनमा घाँस, डाले घाँसको पूर्वाधारसहित उन्नत नश्लका कम्तीमा २० वटा माऊ भैंसी वा ४० माऊ गाई पालन र उत्पादित दुध विक्रीका लागि बजारको पहुँचका अतिरिक्त सञ्चार सुविधा, सडक, विद्युत, खानेपानी, यातायात आदि र दीगो व्यवस्थापनसहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना।

ख. बाख्रा पालनः

कम्तीमा १.५ हेक्टर जग्गामा घाँस, डाले घाँसको पुर्वाधार सहित उन्नत नश्लका कम्तीमा ५० वटा माउ पालन गर्नको लागि आधुनिक खोरको निर्माण भएको र दीगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना।

ग. बंगुर पालनः

कम्तीमा आधा (०.५) हेक्टर जग्गामा उन्नत नश्लका कम्तीमा ४० वटा माऊ बंगुर र त्यसलाई चाहिने आवश्यक खोर वा गोठ, दानापानी व्यवस्थापन तथा दीगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

घ. <u>कुखुरा पालनः</u>

मासु वा अण्डा उत्पादनका निमित्त कम्तीमा दश हजार लेयर्स वा ब्रोईलर कुखुरा लगभग १ हजार वर्ग मिटर क्षेत्रको खोर निर्माण र दीगो व्यवस्थापनसहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

अनुसुची-५

(दफा ७ को उपदफा (३) र दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

<u>प्रस्तावित अनुदानको अंश तथा सीमा</u>

| वर्ग | मोडेल फार्मको किसिम | पशुपन्छीको न्युनतम संख्या | परियोजनाको अपेक्षित उपलब्धि | अनुदान रकम | कार्यक्रम सञ्चालन गर्ने निकाय | बजेट सीमा |
|---|---|---|---|---|---|---|
| क. | मोडेल भैसी फार्म | २० माउ भैसी | मासिक मुनाफा : न्यूनतम पचास हजार र रोजगारी सिर्जनाः न्युनतम २ जना | प्रस्तावित लागतको बढीमा ५० प्रतिशतसम्म | निर्देशनालय /विज्ञ केन्द्र | वार्षिक स्वीकृत बजेट अनुसार रु. ५ लाखदेखि अधिकतम रु.१० लाख सम्म प्रति मोडेल फार्म |
| ख. | मोडेल गाई फार्म | ४० माउ | मासिक मुनाफा : न्यूनतम पचास हजार र रोजगारी सिर्जनाः न्युनतम २ जना | प्रस्तावित लागतको बढीमा ५० प्रतिशत सम्म | | |
| ग. | मोडेल बाख्रा फार्म | १ सय माउ | वार्षिक मुनाफा : न्यूनतम १ लाख पचास हजार र रोजगारी सिर्जनाः न्युनतम २ जना | प्रस्तावित लागतको बढीमा ५० प्रतिशत सम्म | | |
| घ. | मोडेल लेयर्स कुखुरा फार्म | १० हजार | वार्षिक मुनाफा : न्यूनतम ५लाख र रोजगारी सिर्जनाः न्युनतम ५ जना | प्रस्तावित लागतको बढीमा ५० प्रतिशत सम्म | | |
| ङ. | मोडेल ब्रोइलर कुखुरा फार्म | १० हजार | वार्षिक मुनाफा : न्यूनतम एक लाख र रोजगारी सिर्जनाः न्युनतम ३ जना | प्रस्तावित लागतको बढीमा ५० प्रतिशत सम्म | | |
| च | मोडेल बंगुर फार्म | ४० बयस्क | मासिक मुनाफा : न्यूनतम विस हजार र रोजगारी सिर्जनाः न्युनतम २ जना | प्रस्तावित लागतको बढीमा ५० प्रतिशत सम्म | | |

मा. प्रकाश ब. शाह

निमित्त सचिव

अनुसुची-६

(दफा ६ को उपदफा (१) र (२) तथा दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

**प्रस्ताव छनौटका लागि मूल्याङ्कनका आधारहरु**

| क.सं. | मूल्याङ्कनका आधारहरु | अधिकतम अंक |
|---|---|---|
| क | मोडल फार्म स्थापना गर्ने प्रस्तावित भौतिक पूर्वाधार तथा प्राविधिक उपयुक्तता | ६० |
| ख | प्रस्तावकको हाल गरिरहेको पशुपन्छी व्यवसायको अवस्था | १५ |
| ग | सहकारीमार्फत पिछडिएको वर्ग वा महिला वा जनजाति वा मुक्त कमैया वा मुक्त हलिया वा दलित वा प्राकृतिक प्रकोप प्रभावित वा द्वन्द पीडित | ५ |
| घ | उद्यमी युवाः | १० |
| ङ | ऋण तथा अनुदान सहयोग अवस्थाः | १० |

अनुसुची-७

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

## पशुपन्छी मोडल फार्म स्थापनाको लागि सम्झौता पत्रको नमूना

### सम्झौता-पत्र

श्री .................................................................... (यस पछि पहिलो पक्ष भनि ...............................जिल्ला ............................पालिका वडा नं. .........को........ स्थानमा स्थापना भएको श्री .....................का प्रोप्राइटर वा अध्यक्ष (यस पछि दोश्रो पक्ष भनिने साझेदारी/सहकार्यमा आ.व. ....... को स्वीकृत पशुपन्छी मोडल फार्म स्थापना तथा सञ्चालन का ..........................पालिका वडा नं. ... मा सञ्चालन गर्न तपसिल बमोजिमका शर्तका अधिनम यो सझौता– पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

तपसिल :

१. सम्झौता भएको मितिदेखि यो सम्झौता लागू भएको मानिनेछ ।

२. दोस्रो पक्षले सम्झौतामा उल्लेख भएको कार्यहरु सम्झौता भएको मितिदेखि १५ दिनभित्र शुर पर्नेछ । संरचना निर्माणको सम्पूर्ण काम लागत इस्टिमेट, ड्रईङ्ग डिजाइन समेतको आ गुणस्तरीय ढंगले सम्पन्न गर्नु पर्नेछ ।

३. अनुदानग्राहीले परियोजना सञ्चालन भएको स्थानमा विस्तृत विवरण झल्किने होर्डिङ्ग बोर्ड राख ।

४. अनुदानग्राहीले अन्तिम भूक्तानीका लागि निवेदन दिनु पूर्व सञ्चालित परियोजना/अनुदान कार्यत्र प्रथम पक्षको प्रतिनिधीको अनिवार्य उपस्थितिमा सामाजिक परीक्षण गरी सार्वजनिकीकरण गरेको हुनु पर्नेछ ।

५. पूर्वाधार निर्माणका क्रममा परिआउने प्राकृतिक प्रकोप एवं भवितव्यबाट हुने क्षति तथा नोक्सानीको जिम्मेवारी सम्वन्धित अनुदानग्राहीको हुनेछ ।

६. साझेदारी कार्यक्रम सम्पन्न भईसकेपछि सोको सञ्चालन लगायत मर्मत सम्भार गर्ने सम्पूर्ण जिम्मे सम्बन्धित अनुदानग्राहीको हुनेछ।

७. प्रस्तुत कृयाकलापहरु सोही आ.व.को ..... महिनाको .........भित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

८. प्रथम पक्षले दोस्रो पक्षलाई यस कार्यविधिको अधिनमा रही बढीमा तीन किस्तामा सम बमोजिमको रकम उपलब्ध गराइनेछ ।

९. प्रथम पक्षले किस्ता भुक्तानी गर्दा सम्झौता, लागत इस्टिमेट, ड्रईङ्ग डिजाइन सम्बन्धित प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन, सार्वजनिक परीक्षण, बील भरपाई र आवश्यकतानुसार संरच निरीक्षण गरी रकम भुक्तानीका लागि सिफारिस गर्नेछ । साथै अनुदान रकम उपलब्ध गर अनुदानग्राहीको तर्फबाट यन्त्र उपकरण खरिद गरेको प्रमाणित बील भरपाईको आधारमा गरिनेछ

१०. संरचना निर्माणमा प्रथम पक्षले यस कार्यविधिको अधिनमा रही .................. मात्र भुक्तानी गर्नेछ
बाँकी रकम रु .............. दोश्रो पक्षले व्यहोर्नु पर्नेछ ।

११. यस कार्यविधि अनुरुप अनुदान प्राप्त गर्ने अनुदानग्राहीले निर्माण कार्यको सम्बन्धित प्राविधिक निरीक्षण गराई सम्पन्न कामको मेजरमेन्ट बुक राखी बिल बनाउने ब्यवस्था गर्नुपर्नेछ ।

१२. अनुदानग्राहीले संरचना निर्माण पश्चात सम्पन्न काम र खर्चको प्रतिवेदन मासिक/चौमासिक रु निर्देशनालय वा सम्बन्धित केन्द्रमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

१३. यस कार्यविधि बमोजिम कामकारवाहीलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बन प्रथम पक्षले दिने निर्देशन दोश्रो पक्षले पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

१४. प्रदेश सरकारले चाहेमा जुनसुकै बखत अनुदानग्राहीको संरचना निर्माण सम्बन्धी कामको अ एवंम् हिसाब किताब हेर्न सक्ने भएकोले सोमा सहजीकरण गर्नु पर्नेछ ।

१५. संरचनाको निर्माण सम्पन्न भएको मितिले कम्तीमा १० वर्ष सञ्चालन र व्यवस्थापन गर्ने गरी पक्षले कबुलियतनामा समेत गर्नु पर्नेछ ।

१६. अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनसँग नबाझिएको हदसम्म यस कार्यवि सम्झौता पत्रमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमो हुनेछ।

१७. यस सम्झौतामा उल्लेखित शर्तहरु दुवै पक्षका लागि समान रुपले मान्य तथा बन्धनकारी हुनेछ

१८. कुनै द्विविधा उत्पन्न भई कामकारवाही गर्न बाधा परेमा निर्देशनालय वा सम्बन्धित के समन्वयमा मन्त्रालयले प्रचलित कानूनको प्रतिकूल नहुने गरी बाधा अड्काउ फुकाउन सक्नेछ

प्रथम पक्षको तर्फवाट
नाम,थर :
पद :
संस्थाको नाम र छाप :
मिति :

दोस्रो पक्षको तर्फबाट
नाम,थर :
पद :
संस्थाको नाम र छाप :
मिति :

रोहवर

नाम:
ठेगाना:
हस्ताक्षर:

नाम: .........................
ठेगाना:
हस्ताक्षर

अनुसुची-८

(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

<u>कार्य सम्पन्न प्राविधिक प्रतिवेदनको ढाँचा</u>

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ........................

...................... कार्यक्रम

खुद घटी भएको रकम रु. :

खुद बढी भएको रकम रु. :

इष्टिमेट अनुसारको रकम रु. :

घटी बढी हुनुको कारणः

खूद कार्य भए बमोजिमको रकम रु. :

कार्य सम्पन्न हुनुपर्ने मितिः

योजनाको नाम :

स्थान :

सम्झौता मितिः

कार्य सम्पन्न भएको मितिः

सम्पर्क व्यक्ति वा अध्यक्षको नामः

कृषक वा कृषक संस्थाको नामः

| क सं | कार्यको विवरण | इकाई | लगत इष्टिमेट अनुसार | | | खुद काम भएको नापी स्थलगत अनुसार | | | फरक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर | रकम | परिमाण | दर | रकम | परिमाण | दर | रकम | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | जम्मा | | | | कार्यालय अनुदान | | | | | | | |
| | | | | | स्वलगानी.......% | | | | | | | |
| | | | | | | | | | | | | |

लागत इस्टिमेट र ड्रईङ्ग डिजाइन अनुसार कार्य सम्पन्न भएको छ/छैन ...............

तयार गर्ने

काम गर्ने

जाँच गर्ने

सदर गर्ने

मितिः

छाप

निमित्त सचिव